लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय रोल्पा

लिवाङ

पत्र संख्या : २०८२/०८३ (योजना तथा व्यवस्थापन)
च.नं. :

मिति :-२०८२/०९/०७
ने.सं.:११४६

**विषय : जडिबुटी संकलनको लागी निवेदन पेश गर्ने सम्वन्धी सूचना ।**

उपरोक्त सम्वन्धमा वन नियमावली, २०७९ को नियम २९ को उपनियम (१) अनुसार यस कार्यालयको स्वीकृत वन व्यवस्थापन योजना / कार्ययोजना (आ.व.२०८२/८३- २०८६/०८७) बमोजिम आ.व. २०८२/०८३ मा यस कार्यालयको कार्यक्षेत्र भित्रको राष्ट्रिय वन क्षेत्रबाट तपसिल अनुसारको जडिबटी संकलन गर्न ईच्छुक जडिबटीको कारोबार गर्ने उद्देश्यले प्रचलित नियमानुसार दर्ता भई स्थाई लेखा नम्बर (PAN) लिएका वा मुल्य अभिबृध्दि करमा दर्ता भएका व्यवसायी / फर्महरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र निवदेन पेश गर्नु हुन अनुरोध छ । प्राप्त निवेदन अनुसारका व्यवसायी / फर्महरूलाई जडिबुटी संकलन गर्न दिईने जडिबुटीको परिमाण यस कार्यालयको निर्णय अनुसार हुनेछ । यस सूचनामा उल्लेखित विषयहरू यसै सूचना अनुसार र अन्य विषयहरूको सम्बन्धमा प्रचलित कानून अनुसार हुने व्यहोरा समेत जानकारी साथ अनुरोध छ ।

**तपसिल**

(१) संकलनको लागी निवेदन पेश गर्नुपर्ने जडिबुटीहरू:

| क्र.सं. | जडिबुटीको | | | | |
|---|---|---|---|---|---|
| | प्रजाती | बैज्ञानिक नाम | संकलन गर्न सकिने परिमाण (के.जी.) | संकलन गर्न सकिने समय | प्रयोग हुने भाग |
| १ | वनलसुन | Allium wallichii | स्वीकृत कार्ययोजना अनुसार | फागुण मसान्त सम्म | जरा तथा गानो |
| २ | कुकुर तरुल, वन तरुल, भ्याकुर | Dioscorea spp. | | | |
| ३ | पाखनवेद/ | Bergenia pacumbis/ Bergenia ciliate | | | |
| ४ | सतुवा | Paris polyphylla | | | |
| ५ | चुत्रो/दारूहल्दी | Berberis spp. | | चैत्र मसान्तसम्म | जरा, डाँठ, बोक्रा |
| ६ | नेपाली दालचिनी/ सिन्कौली/ तेजपात | Cinnamomum tamala | | | बोक्रा र पात |
| ७ | पावन/काठे काउलो | Machilus duthiei | | फागुण मसान्त सम्म | बोक्रा |
| ८ | कालीकाठको दाना | Myrsine semiserrata | | | फल र वीज |
| ९ | टिमुर | Zanthoxylum armatum | | माघ मसान्तसम्म | |
| १० | सुगन्धकोकिला/ मलायागेडी | Cinnamomum glanduliferum/Cinnamomum tenuipile | | फागुण मसान्तसम्म | |

यसमा माथि उल्लेखित जडिबुटी बाहेक अन्य जडिबुटी संकलन गर्न चाहने व्यक्ति वा फर्मले आफूले संकलन गर्न चाहेको जडिबुटीको प्रजाती, परिमाण, संकलन गरिने वन क्षेत्र र संकलन गरिने समयावधि लगायतको विवरण उल्लेख गरी यस कार्यालयमा निवेदन पेश गर्ने सकिने छ । त्यसरी पेश भएका निवेदनमा उल्लेखित जडिबुटीको सम्बन्धमा प्रचलित ऐन नियम तथा कार्यालयको स्वीकृत वन व्यवस्थापन योजनाको अधिनमा रही संकलन ईजाजत दिने वा नदिने सम्वन्धमा कार्यालयको निर्णय अनुसार हुनेछ ।